महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा

कोशी प्रदेश, नेपाल

## सेवा करारमा पद्पूर्ति गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२/०९/०१

यस महालक्ष्मी नगरपालिकाको लागि स्वीकृत दरवन्दी भित्रका तपसिलका रिक्त पदहरुमा खुल्ला प्रतियोगिताद्धारा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नु हुन सरोकारवाला सवैका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका वा रीत नपुगि पेश भएका दरखास्त उपर कुनै कारवाही नहुने वेहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद/तह | सेवा/समुह | माग पद संख्या | दरखास्त शुल्क (रु) |
|---|---|---|---|---|---|
| १. | ३- २०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता/पाचौं | - | १ | ७००/- |
| २. | ४- २०८२/०८३ | अ.हे.ब. /चौथो | स्वास्थ्य/हे.ई. | १ | ५००/- |
| ३. | ५- २०८२/०८३ | अ.न.मी/चौथो | स्वास्थ्य/प.हे.न | १ | ५००/- |

१. दरखास्त फारामका साथ पेश गर्नु पर्ने कागजातहरु :

- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
- नेपाली नागरिकताको प्रतिलिपी
- कार्य अनुभव भए सो को प्रतिलिपी
- तोकिएको दरखास्त दस्तुर तिरेको बैक भौचर
- अन्य आवश्यक कागजातहरु

२. शैक्षिक योग्यता :

- मनोसामाजिक परामर्शकर्ता :
  - ✓ न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ्ग/ मनोविज्ञान/ सभाजशास्त्र/ सोसियल वर्कमा स्नातक तह/ स्वास्थ्यं शिक्षा विषय स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा ईन काउन्सिलिङ उत्तीर्ण गरेको
  - ✓ मनोसामाजिक पराभर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र लिइएकोलाई विशेष प्राथमिकता दिइनेछ
  - ✓ कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email/Internet आदि) भएको, प्रतिवेदन तयार गर्न सक्ने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख ९८५२०७०१२३, उपप्रमुख ९८५२०७१२४, प्रमुख प्रशासकिय अधिकृत ९८५२०७०१२१
Email: mahalaxmimunjitpur@gmail.com Web. http:// www.mahalaxmimundhankuta.gov.np

- मान्यता प्राप्त शिक्षण संस्थाबाट हे.अ., स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/सोसिएल वर्कमा स्नातक तह / स्वास्थ्य शिक्षा विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण भएको,
- अ.हे.ब. : - मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए वा सो सरहको उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता तथा नवीकरण भएको,
- अ.न.मी. :- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. वा सो सरहको उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता तथा नवीकरण भएको,

३. उम्मेदवारको उमेर हद : दरखास्त दिने अन्तिम मिति सम्म सम्बन्धित सेवा, समुह सम्बन्धी कानुन बमोजिम उमेरको हद ननाघेको हुनु पर्ने।

४. राजश्व बुझाउने स्थानः नगरपालिकाको कार्यालय वा आन्तरिक राजश्व खाता नं. २३५०१००३०१०१०००३, कार्यालयको कोड ८०१०१०६०३, राष्ट्रिय बाणिज्य बैंक, जितपुर शाखा

५. कार्य विवरण, सेवा सर्त तथा तलव सुविधा : सम्बन्धित सेवा, समुह तथा उपसमुह सम्बन्धी तोके बमोजिम हुने ।

६. काम गर्नु पर्ने स्थान : महालक्ष्मी नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरु

७. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता

८. दरखास्त दिने अन्तिम मिति : २०८२/०९/१५ गते कार्यालय समय भित्र । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ ।

९. दरखास्त फाराम बुझाउने स्थान : नगर कार्यपालिकाको कार्यालय वा यस कार्यालयको Email ठेगाना mahalaxmimunjitpur@gmail.com मा दरखास्त फाराम, बैंक भौचर र आवश्यक कागजातहरुको PDF बनाई तोकिएको समय भित्र Email गर्नु पर्नेछ ।

१०. परीक्षा सम्बन्धी जानकारी कार्यालयको.वेव साइट/फेसबुक पेज र सूचना पार्टीमा पछि प्रकाशन गरिनेछ ।

११. आवेदन स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

१२. लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा दरखास्त दिदा पेश गरेका कागजातहरुको सक्कल सहित उपस्थित हुनु पर्नेछ ।

नोट : दरखास्त फाराम नगर कार्यपालिकाको कार्यालय वा वेब साइट (www.mahalaxmimundhankuta.gov.np) बाट प्राप्त गर्न सकिने छ ।

२०८२/०९/०१

प्रमुख प्रशासकीय अधिकृत